नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

पत्र संख्या: बै.वि.नि.वि./नीति/सूचना/१३/०७५/७६ मिति: २०७६/०३/२७

# सूचना

**ईजाजतपत्रप्राप्त "क" "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु**

महाशय,

नेपाल सरकार, अर्थ मन्त्रालय राजश्व व्यवस्थापन महाशाखाको पत्र संख्या ०७५।७६ च.नं. १६९८, मिति २०७६/०३/२५ को पत्रबाट अनुरोध भई आएअनुसार यसैसाथ संलग्न पत्रबाट व्यहोरा अवगत गरी आज मिति २०७६/०३/२७ गते शुक्रबार, मिति २०७६/०३/२८ गते शनिबार सार्वजनिक विदाका दिन र मिति २०७६/०३/३१ गते मंगलबारका दिन राजस्व बुझ्ने सबै बैंकहरुका शाखा तथा काउण्टर पुरै समय खुल्ला गरी नियमितरुपले राजस्व बुझ्ने व्यवस्था गर्ने तथा चेक क्लीयरिङ गर्ने प्रयोजनका लागि अन्य बैंक तथा वित्तीय संस्थाहरु र नेपाल क्लीयरिङ हाउस समेत खुल्ला राखी यस महिनाको अन्तसम्ममा दाखिला हुन आएका चेकहरु यसै महिनामा क्लीयरिङ गर्ने व्यवस्था गर्नु गराउनु हुन यो सूचना जारी गरिएको छ।

भवदीय,

(बम बहादुर मिश्र)
का.मु.कार्यकारी निर्देशक

बोधार्थ:

१. नेपाल सरकार, अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा।
२. नेपाल राष्ट्र बैंक, बैंकिङ कार्यालय, बालुवाटार (आवश्यक समन्वय तथा व्यवस्थाका लागि)।
३. नेपाल क्लियरिङ हाउस लिमिटेड, कमलादी, काठमाडौं (आवश्यक समन्वय तथा व्यवस्थाका लागि)।

नेपाल सरकार
# अर्थ मन्त्रालय
(राजस्व व्यवस्थापन महाशाखा)

पत्र संख्या:- ०७५।७६

च. नं.:- १५९८

सिंहदरबार, काठमाडौं
नेपाल।

मिति:२०७६/०३/२५

बिषय :-बैंक काउन्टर खुल्ला राखे सम्बन्धमा ।

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा बित्तिय संस्था नियमन बिभाग,
बालुवाटार, काठमाण्डौ ।

असार महिना आयकरको तेश्रो किस्ता बुझाउने तथा आर्थिक वर्षको अन्तिम महिना भएको र अधिकांश करदाताले महिनाको अन्त्यमा मात्र कर दाखिला गर्ने हुँदा मिति २०७६/०३/२७ गते शुक्रबार र मिति २०७६/०३/३१ गते मंगलवार (मसान्त) को दिन राजस्व बुझ्ने सबै बैंकहरुको शाखा तथा काउन्टर पुरै समय खुल्ला गरी नियमित रुपले राजस्व बुझ्ने ब्यवस्था मिलाउनुका साथै मिति २०७६/०३/२८ गते शनिवार सार्वजनिक विदाका दिनमा समेत राजस्व बुझ्ने सबै बैंकहरुको शाखा तथा काउन्टर पुरै समय खुल्ला गरी राजस्व दाखिलाका चेक क्लियरिङ्ग गर्ने प्रयोजनको लागि राजस्व बुझ्ने सबै बैंक तथा बित्तिय संस्थाहरु र चेक क्लियरिङ्ग गर्ने नेपाल क्लियरिङ्ग हाउस समेत सदा झै खुल्ला राखि राती अवेर सम्म राजस्व बुझ्ने ब्यवस्था मिलाउनुको साथै यस महिनाको अन्त्य सम्ममा दाखिला हुन आएका चेकहरु यसै महिनामा (मिति २०७६/०३/३१ गते भित्रै) क्लियरिङ्ग गर्ने ब्यवस्थाका लागि आदेशानुसार अनुरोध गर्दछु।

अमित तिवारी
(शाखा अधिकृत)

सादर अवगतार्थ

माननीय अर्थमन्त्रीज्यूको सचिवालय, अर्थ मन्त्रालय ।
श्रीमान् गभर्नरज्यू, नेपाल राष्ट्र बैंक।
श्रीमान् महालेखा नियन्त्रकज्यू,
महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौ।

बोधार्थ तथा कार्यार्थ

नेपाल राष्ट्र बैंक,
बैंकिङ्ग कार्यालय, सरकारी लेखा फाँट, बालुवाटार, काठमाण्डौ।
महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौ।
आन्तरिक राजस्व बिभाग, लाजिम्पाट, काठमाण्डौ।
भन्सार बिभाग, त्रिपुरेश्वर, काठमाण्डौ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ...